## प्रश्न नं. ७६

### त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्वितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

### (कक्षा रोल्नं.९१५० देखि ९२७१ सम्मका विद्यार्थीहरुका लागी मात्र)

शेरबहादुर नेपालीको जाहेरीले नेपाल सरकार

बिरुद्ध

पाल्पा जिल्ला तासेन नगरपालिका वडा नं. १४ बस्ने वर्ष ३३ को पदबहादुर जुगजाली

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मेरी श्रीमती वर्ष ३४ की सुकमाया नेपाली केही वर्ष पहिलादेखि अत्याधिक मात्रामा रक्सी सेवन गर्ने, आफूखुसी हिँड्ने डुल्ने कार्य गर्दै आएकीमा २०७५।८।५ गतेका दिन १०:०० बजे घरबाट हिंडी गएकी र घरमा नआएकीले छरछिमेक समेतमा खोजतलास गर्दा फेला नपारी खोजतलास गर्दै रहँदा २०७५।८।७ गते विहान अ.१०:०० बजेको समयमा जिल्ला पाल्पा तानेसन नगरपालिका वडा नं.११ स्थित प्रताप थापाको खरवारीमा मेरो श्रीमतीको मृत लाश सडी गली कीरा औंसा परी दुर्गन्धित भएको अवस्थामा फेला परेकोले कानूनबमोजिम गरिपाऊँ भन्ने जिल्ला पाल्पा तानेसन नगरपालिका वडा नं.११ बस्ने शेरबहादुर नेपालीको मिति २०७५।८।८ को जाहेरी दरखास्त ।
- मृतक सुकमायाको लास २०७५।८।७ गते जिल्ला पाल्पा तानेसन नगरपालिका वडा नं.११ स्थित प्रताप थापाको खरवारीमा सडी गली कीरा औंसासमेत परिसकेको अवस्थामा फेला परेको श्रीमती सुकमायाको लाश जिल्ला पाल्पा तानेसन नगरपालिका वडा नं.१४ बस्ने वर्ष ३३ को पदमबहादुर जुगजालीले नै मारी फालेको हो, निजलाई पक्राउ गरी आवश्यक कारवाही गरिपाऊँ भन्ने व्यहोराको मिति २०७५।८।९ को जाहेरवाला शेरबहादुर नेपालीको जाहेरी दरखास्त ।
- मृतक सुकमायाको  मृत लाश सडी गली कीरा औंसा परी दुर्गन्धित भएको अवस्थामा फेला परेकोले घाटीमा निल डाम र चिउडो सुनियिको, योनिबाट तरलप्रदार्थ र मुलदारवाट मल निस्कीएको भन्ने समेत व्यहोराको लासजाँच मुचुल्का
- निज सुकमाया नेपालीको मृत्यु घाँटी थिचेको कारण श्वास प्रश्वास बन्द भई भएको हो भन्ने समेत व्यहोराको शव परीक्षण प्रतिवेदन ।
- सुकमाया र मेरो अवैध सम्वन्ध थियो । निजले मलाई पटक पटक विवाह गर भनि भनेको र मैले हाल विवाह गर्ने सक्दिन घरमा श्रीमति छ भन्दा मलाई तिमीले विवाह गर्नै पर्छ भनी चिच्याउन लागेकोले सो ठाउँ एकान्त भएकोले रीस उठी निजलाई सोही खरवारीमा पल्टाई घाँटी थिची मारेको हुँ । २०७५।८।१० गते म आफ्नै घरमा रहेको बेला प्रहरी आई पुगी मलाई समातेको हो भन्ने अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी पदमबहादुर जुगजाली मगरले  अनुसन्धान अधिकारी समक्ष गरेको वयान
- पाल्पा तानेसन नगरपालिका वडा नं.११ बस्ने वर्ष २९ को खुमबहादुर वि.क. ऐ. बस्ने वर्ष २३ को नवीन महर्जन,रिता मैनाली, जोगनारायण वि.क ले  निज पदमबहादुर जुगजाली मगरलाई प्रहरीले पक्राउ गरी ल्याएपश्चात् निजले नै सुकमाया नेपालीलाई २०७५।८।७ गते राति कर्तव्य गरी मारी फालेको भन्ने कुरा थाहा पाएका हौं । निज प्रतिवादी पदमबहादुर जुगजाली राम्रो आचरण भएका व्यक्ति होईनन् । निज रक्सी सेवन गरी गाउँघरमा बिना कारण झै-झगडा गरी अशान्ति मच्चाउने किसिमका मानिस हुन्

## प्रश्न नं. ७६

र मृतक सुकमाया नेपालीसँग भित्र्याउने सम्बन्धमा निजको झै-झगडा हुँदै आएको हो । सोही कारणले गर्दा निजले सुकमाया नेपालीलाई कर्तव्य गरी मारेको हुनुपर्छ भन्ने एकै मिलानको मिति २०७५।८।१२ गते गरेको वस्तु सिथिति मुचुल्का

- किटानि जाहेरी, पदम वहादुरको प्रहरीमा साविति वयान, मौकाका वुझेका मानिसहरु खुमवहादुर वि.क, नविन मर्हजन, रिता मैनाली, जोगनारायाण वि.क, पोष्टमार्टन रिपोट, लास प्रकृति मुचुल्का समेतको आधारमा पदम वहादुर जुगजाली लाई मुलुकी फौजादारी अपराध सहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ दफा १७८ ऐ.दफा १८६ बमोजिम क्षतिपुर्ति दिलाईपाऊँ भन्नेसमेत व्यहोराको अभियोगपत्र ।
- प्रतिवादीको अदालतमा इन्कारी वयान
- पाल्या जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत बुटवलमा प्रस्तुत गरेको पुनरावेदनपत्र